**प्रस्तावनाः** विद्यार्थी केन्द्रित व्यवस्थापन सुधार कार्यक्रम कार्यान्वयनका लागि विद्यालय छनोटको मापदण्ड निर्धारण गर्न तथा छनोट भएका विद्यालयहरूमा व्यवस्थापन सुधार कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गरी शैक्षिक उपलब्धिमा सुधार गर्न आवश्यक भएकोले विनियोजन ऐन, २०८० को दफा ९ (२) ले दिएको अधिकार प्रयोग गरी सामाजिक विकास मन्त्रालयले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **सङ्क्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "विद्यार्थी केन्द्रित व्यवस्थापन सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि २०८०" रहेको छ ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएपछि प्रारम्भ हुने छ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "सामुदायिक विद्यालय" भन्नाले नेपाल सरकारबाट नियमित रूपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्दछ ।

(ख) "आधारभूत विद्यालय" भन्नाले प्रारम्भिक बालविकासदेखि कक्षा आठसम्म शिक्षा दिइने विद्यालय सम्झनुपर्दछ ।

(ग) "माध्यमिक विद्यालय" भन्नाले प्रारम्भिक बालविकासदेखि कक्षा बाह्रसम्मको शिक्षा दिइने विद्यालय सम्झनुपर्दछ ।

(घ) "निर्देशनालय" भन्नाले बागमती प्रदेश सरकार शिक्षा विकास निर्देशनालयलाई सम्झनुपर्दछ ।

(ङ) "मन्त्रालय" भन्नाले बागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयलाई सम्झनुपर्दछ ।

(च) "स्थानीय तह" भन्नाले प्रदेशभित्रका महनगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिका समेतलाई सम्झनुपर्दछ ।

## परिच्छेद-२

## आवेदन एवम् छनोट प्रक्रिया

३. **आवेदनको पूर्व सर्तः** यस कार्यविधिबमोजिम विद्यार्थी केन्द्रित व्यवस्थापन सुधार कार्यक्रमका लागि योग्य हुन देहायका सर्त पुरा गरेको हुनुपर्ने छः-

क) सामुदायिक विद्यालयको रूपमा सञ्चालन भएको हुनुपर्नेछ ।

ख) विद्यालयमा विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक सङ्घको गठन भएको हुनुपर्नेछ ।

ग) विद्यालयले नियमित रूपमा सामाजिक परीक्षण र लेखापरीक्षण गरेको हुनुपर्नेछ ।

घ) विद्यालयले सङ्घीय तथा सम्बन्धित स्थानीय तहबाट विद्यार्थी केन्द्रित व्यवस्थापन सुधार कार्यक्रमहरू नपाएको हुनुपर्नेछ।

ङ) विद्यालयले नियमित रूपमा एकीकृत शैक्षिक तथ्याङ्क (IEMIS) भरेको हुनुपर्नेछ ।

च) नमुना, आवसीय र ठुला विद्यालयको रूपमा सँचालन नभएको हुनुपर्नेछ ।

छ) माध्यमिक तहका विद्यालयले माध्यमिक तहको र आधारभुत तहका विद्यालयहरूले आधारभुत तहको अनुदानका लागि आवेदन दिनुपर्नेछ ।

ज) विद्यालयले अनलाइन मार्फत आवेदन फाराम भर्नुपर्नेछ । भरेको आवेदन फाराम रूजु गर्ने कार्य दुईजना शिक्षक, प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष वा तोकिएको एक सदस्य रहेको समितिले गर्नुपर्नेछ । विद्यालयको आवेदन फाराममा उल्लिखित विवरण स्थानीय तहको शिक्षा शाखा/ महाशाखा प्रमुखबाट प्रमाणित भएको हुनुपर्नेछ ।

झ) प्राप्त अनुदान रकमबाट विद्यालयले कम्प्युटर खरिद, शिक्षक तथा कर्मचारीको तलब भत्ता, शिक्षक तालिम, अभिभावक भेला तथा सचेतना कार्यक्रम, वार्षिक उत्सब, शैक्षिक भ्रमण, भित्ते लेखन, जग्गा खरिद, भवन तथा कक्षाकोठा लगायत भौतिक संरचना निर्माण तथा मर्मत जस्ता कार्यमा खर्च गर्न पाइने छैन ।

ञ) यस किसिमको कार्यक्रमको लागि अन्य कुनै निकायबाट सहायता वा अनुदान नलिइएको स्व घोषणा पत्र ।

४. <u>छनोट तथा सिफारिसका आधारहरू:</u> यस कार्यविधि बमोजिम विद्यार्थी केन्द्रित व्यवस्थापन सुधार कार्यक्रमका लागि विद्यालय छनोट गर्दा निम्न आधारहरू अवलम्बन गरिनेछ:-

क) दफा ३ बमोजिमका सर्त पुरा गरेका सामुदायिक विद्यालयहरूलाई सो कार्यक्रमका लागि सिफारिस तथा छनोट गर्दा अनुसूची-१ र २ मा उल्लेखित **विद्यालय छनोटका सूचक मापनका** आधारलाई अवलम्बन गर्नुपर्नेछ,

ख) प्राप्त प्रस्तावनाहरूको आवेदन फाराममा उल्लिखित विवरण तथा उपलब्ध विद्यालयगत शैक्षिक तथ्याङ्कका आधारमा माध्यमिक तहका लागि अनुसूची-१ र आधारभुत तहका लागि अनुसूची-२ अनुसार प्रत्येक विद्यालयको मूल्याङ्कन गरी प्राप्ताङ्कका आधारमा विद्यालयलाई घट्दो क्रममा सूचीबध्द गर्नुपर्नेछ,

ग) अनुसूची- ३ मा उल्लेख भएको विद्यालय वर्गीकरणका आधारअनुसार विद्यालयलाई कमजोर, मध्यम, उत्तम, अतिउत्तम र उत्कृष्ट अङ्क समूहमा वर्गीकरण गरी उत्तम अङ्कमा पर्ने विद्यालयलाई छनोट गर्ने। यसरी विद्यालय छनोट गर्दा माथिल्लो उत्तम अङ्क प्राप्त गर्ने विद्यालयबाट क्रमशः त्योभन्दा कम अङ्क प्राप्त गर्ने विद्यालयलाई छनोट गर्नुपर्नेछ,

घ) उत्तम अङ्क प्राप्त गर्ने विद्यालयबाट सम्बन्धित जिल्लालाई छुट्याइएको विद्यालय सङ्ख्या पुरा नभएमा सोही जिल्लाबाट मध्यम अङ्क प्राप्त गर्ने समूहको सबैभन्दा बढी अङ्क प्राप्त गर्ने विद्यालय छनोट गर्नुपर्नेछ,

माननीय कुमारी मोक्तान
सामाजिक विकास मन्त्री

ङ) बुँदा (घ) अनुसार विद्यालय छनोट गर्दा पनि सम्बन्धित जिल्लालाई छुट्याइएको विद्यालय सङ्ख्या पुरा नभएमा अर्को जिल्लाको क्रमशः उत्तम र मध्यम अङ्क प्राप्त गर्ने समूह मध्ये सबैभन्दा बढी अङ्क प्राप्त गर्ने विद्यालय छनोट गर्नुपर्नेछ,

च) कुनै जिल्ला अन्तर्गतका एकभन्दा बढी विद्यालयको अङ्क बराबर भई छनोट हुन नसकेमा विद्याललय स्थापनाको मितिका आधारमा पुरानो विद्यालयलाई प्राथमिकता दिई छनोट गरिनेछ,

छ) कुनै जिल्लाका लागि निर्धारित सङ्ख्यामा विद्यालयहरूको आवेदन नपरेमा आवेदन दिने विद्यालय सङ्ख्याको अनुपातमा अन्य जिल्लाका विद्यालय छनोट गरिनेछ ।

५. <u>सिफारिस समितिः</u> (१) विद्यार्थी केन्द्रित व्यवस्थापन सुधार कार्यक्रमका लागि प्राप्त आवेदनलाई दफा ३ एवम् ४ को अधारमा मूल्याङ्कन गरी छनोटको लागि निर्देशक समिति समक्ष सिफारिस गर्न देहाय बमोजिमको एक सिफारिस समिति रहनेछः-

(क) शिक्षा विकास निर्देशक - संयोजक

(ख) आर्थिक प्रशासन शाखा प्रमुख, शिक्षा विकास निर्देशनालय -सदस्य

(ग) योजना तथा कार्यक्रम शाखाको अधिकृत, शिक्षा विकास निर्देशनालय -सदस्य सचिव

(२) समितिको बैठकमा आवश्यकतानुसार बढीमा तीनजना विज्ञ व्यक्तिलाई आमन्त्रित सदस्यको रूपमा राख्न सकिनेछ ।

६. <u>सिफारिस समितिको काम, कर्तव्य र अधिकारः</u> सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छः-

क) दफा ३ बमोजिमका सर्त पुरा गरेका सामुदायिक विद्यालयहरूले अनुदानका लागि अनुसूची-४ मा तोकिएको ढाँचा र कागजातहरू संलग्न राखी अनलाइन फाराम भर्न कम्तिमा १५ दिनको सार्वजनिक सूचना राष्ट्रिय दैनिक पत्रिकामा र निर्देशनालय तथा सामाजिक विकास मन्त्रालयको वेबसाइटमा प्रकाशित गर्ने गराउने,

ख) दफा ४ मा उल्लेखित छनोट तथा सिफारिका आधारमा विद्यालय सङ्ख्या एकीन गरी विद्यालय छनोटका लागि निर्देशक समितिमा सिफारिस गर्ने,

ग) प्रस्ताव परेका मध्ये विद्यालय छनोट गर्दा यस आ.व. भन्दा अगाडि शैक्षिक उपलब्धिमा आधारित कार्यक्रम र विद्यार्थी केन्द्रित व्यवस्थापन सुधार कार्यक्रम प्राप्त नगर्ने विद्यालयहरुलाई क्रमशः गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकाका विद्यालयहरुलाई प्राथमिकता दिई छनोटका लागि सिफारिस गर्ने,

घ) एउटै विद्यालयमा दोहोरो कार्यक्रम नपर्ने गरी सिफारिस गर्ने,

ङ) छनोट भई आएका विद्यालयहरूसँग सम्झौता गरी कार्यक्रम कार्यान्वयन गर्ने गराउने,

च) कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने गराउने,

छ) निर्देशक समितिबाट प्राप्त निर्देशनहरू कार्यान्वयन गर्ने गराउने,

माननीय कुमारी मोक्तान
सामाजिक विकास मन्त्री

७. <u>निर्देशक समिति</u>: विद्यार्थी केन्द्रित व्यवस्थापन सुधार कार्यक्रमका लागि आवश्यक नीति, योजना निर्माण एवम् मार्गदर्शन गर्न र विद्यालय छनोट गर्न देहाय बमोजिमको निर्देशक समिति रहनेछ:-

(क) सामाजिक विकास मन्त्रालयका सचिव -अध्यक्ष
(ख) योजना महाशाखा प्रमुख, सामाजिक विकास मन्त्रालय -सदस्य
(ग) शिक्षा तालिम केन्द्र प्रमुख – सदस्य
(घ) शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख मध्येबाट अध्यक्षले मनोनित गरेको एकजना - सदस्य
(ङ) स्थानीय तह शिक्षा शाखा प्रमुख मध्येबाट समितिले मनोनित गरेको एकजना - सदस्य
(च) शिक्षा विकस निर्देशक – सदस्य सचिव

८. <u>निर्देशक समितिको काम, कर्तव्य र अधिकार</u>: समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ:-

(क) विद्यार्थी केन्द्रित व्यवस्थापन सुधार कार्यक्रमका लागि नीति तथा योजना तर्जुमा गर्ने ,
(ख) कार्यक्रमका लागि सामुदायिक विद्यालय सङ्ख्याका अनुपातमा जिल्लागत कोटा निर्धारण गर्ने
(ग) सिफारिस समितिले सिफारिस गरेको सूची आवश्यकतानुसार रुजु गरी विद्यालय छनोट गर्दा दफा ४ लाई आधारमानी छनोट गर्ने ।
(घ) छनोट भएका विद्यालयहरूसँग सम्झौता गरी कार्यक्रम कार्यान्वयन गर्न निर्देशनालयमा पठाउने
(ङ) अनुगमन तथा मूल्याङ्कन गर्ने ।

## परिच्छेद-३
## <u>कार्यक्रम कार्यान्वयन प्रकृया</u>

९. <u>सम्झौता</u>: (१) छनोट भएका विद्यालयले अनुसूची-५ बमेजिमको ढाँचामा सम्झौता गर्नुपर्नेछ:-

(२) सम्झौतामा अनुदानबाट विद्यालयले सञ्चालन गर्ने कार्यक्रमहरू र त्यसको कार्ययोजना समावेश गर्नुपर्नेछ,

(३) विद्यालयले सम्झौताको एकप्रति सम्बन्धित स्थानीय तहमा बुझाउनुपर्नेछ,

(४) छनोट भएका विद्यालयहरूमध्ये माध्यमिक तहलाई अधिकतम ८,००,०००/- (आठ लाख) र आधारभूत तहलाई अधिकतम ५,००,०००/- (पाँच लाख) सम्म रकम अनुदान दिइनेछ । स्वीकृत अनुदान रकमको पहिलो किस्तामा ५० प्रतिशत र कार्यसम्पन्न भइसकेपछि बाँकी ५० प्रतिशत रकम भुक्तानी दिइनेछ । यसका लागि विद्यालयले कार्यसम्पन्न गरी सम्झौतामा तोकिएको समयभित्र फाँटवारी पेस गरिसक्नुपर्नेछ ।

१०. <u>कार्यान्वयन संयन्त्र</u>: (१) सम्झौतामा पेस गरिएअनुसारका कार्यक्रमहरू कार्ययोजनाअनुसार विद्यालयले कार्यान्वयन गर्नुपर्नेछ। यस कार्यक्रमको कार्यान्वयनको नेतृत्व विद्यालय व्यवस्थापन समितिले गरी कार्यक्रममा शिक्षकको सक्रिय सहभागिता सुनिश्चित गर्नुपर्दछ,

माननीय कुमारी मोक्तान
सामाजिक विकास मन्त्री

(२) कार्यक्रम कार्यान्वयन गर्दा अनुसूची-६ मा उल्लेखित कार्यक्रमका क्षेत्रहरू मध्ये विद्यालयको आवश्यकता अनुसारको कार्यक्रम छनोट गरेको हुनुपर्नेछ । यसका लागि आवश्यकतानुसार कार्ययोजनाको विस्तृतीकरण गर्नुपर्नेछ । कार्यक्रम सञ्चालनका लागि विद्यालयले कार्यक्रमको स्वरूपअनुसार टिम बनाउने वा निश्चित जिम्मेवारी तोक्नुपर्दछ । विद्यालयले कार्यक्रम सञ्चालन गर्दा सम्बन्धित स्थानीय तहसँग समन्वय गर्नुपर्नेछ.

(३) गुणस्तरीय रूपमा कार्यक्रम सम्पन्न गर्ने जिम्मेवारी विद्यालय व्यवस्थापन समिति र प्र.अ.को हुनेछ ।

११. <u>अनुगमन तथा मूल्याङ्कन:</u> (१) प्रत्येक विद्यालयले यस कार्यक्रमको नतिजा सूची र तिनको सत्यापनका आधार तयार गरी त्यसका आधारमा विद्यालय व्यवस्थापन समितिले तोकेको समिति वा व्यक्तिले नियमित रूपमा अनुगमन गरी मासिक प्रतिवेदन तयार गर्नुपर्दछ भने विद्यालय व्यवस्थापन समितिले कम्तिमा दुई महिनामा एक पटक कार्यान्वयनको समीक्षा गरी आवश्यकतानुसार पृष्ठपोषण प्रदान गर्नुपर्दछ।

(२) प्रभावकारी रूपमा कार्यक्रम कार्यान्वयन गर्नका लागि विद्यालयले स्थानीय तहले खटाएको प्रतिनिधि संयोजक र विव्यसको प्रतिनिधि तथा शिक्षक अभिभावक सङ्घको प्रतिनिधि सदस्य रहने गरी एक समिति गठन गर्नुपर्नेछ । यस समितिले अनुगमन योजना बनाई नियमित रूपमा पृष्ठपोषण दिने र कार्यसम्पन्न प्रतिवेदन समेत पेस गर्नुपर्नेछ ।

(३) यस कार्यक्रमको अनुगमन सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय तथा शिक्षा विकास तथा समन्वय इकाइबाट पनि हुन सक्नेछ ।

(४) सम्बन्धित विद्यालयहरूले गर्ने खर्च अनुसूची-६ बमोजिमका कार्यक्रमहरुको क्षेत्रमा हुनुपर्नेछ ।

## परिच्छेद-४
## <u>विविध</u>

१२. <u>खर्च व्यवस्थापन:</u> कार्यक्रम सञ्चालनका लागि मन्त्रालय एवम् निर्देशनालयमा भएको बैठक तथा सूचना प्रकाशन लगायतका व्यवस्थापकीय कार्य र अनुगमनमा भएको अत्यावश्यक खर्च सम्बन्धित शीर्षकबाट व्यवस्थापन गरिने छ ।

१३. <u>लेखा तथा लेखापरीक्षण:</u> विद्यालयहरूले विद्यार्थी केन्द्रित व्यवस्थापन सुधार कार्यक्रमको अनुदान बापत प्राप्त गरेको रकमको नेपाल सरकारको लेखा प्रणाली अनुसार लेखा राख्नु पर्ने छ र लेखापरीक्षण प्रचलित कानुन बमोजिम गर्नुपर्ने छ ।

१४. <u>सरकारी बाँकी सरह असुलउपर गरिने:</u> : विद्यालयहरूले विद्यार्थी केन्द्रित व्यवस्थापन सुधार कार्यक्रमको अनुदान प्राप्त गर्ने विद्यालयहरूले सम्झौतामा तोकिएको सर्त विपरीत कार्य गरेमा अनुदान निकासा भएको रकम सरकारी बाँकी सरह विद्यालयबाट असुलउपर गरिने छ ।

१५. <u>प्रचलित कानुन बमोजिम हुने:</u> यस कार्यविधिमा उल्लेख भएदेखि बाहेकका अन्य विषयहरू प्रचलित कानुन बमोजिम हुने छ ।



माननीय कुमारी मोक्तान
सामाजिक विकास मन्त्री

१६. कार्यविधि संशोधन तथा परिमार्जन: यस कार्यविधिमा उल्लेख भएका आर्थिक विषयमा आर्थिक मामिला तथा योजना मन्त्रालयको राय/सहमती लिई मन्त्रालयले संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

## अनुसूची-१

### (दफा-४ "क" सँग सम्बन्धित)

### विद्यार्थी-केन्द्रित व्यवस्थापन सुधार कार्यक्रम सञ्चालनका लागि विद्यालय छनोट सूचक मापन आधार (माध्यमिक तह)

| सूचक | मापनको आधार | अङ्क | स्रोत |
|---|---|---|---|
| १.भर्ना भएका जम्मा विद्यार्थी सङ्ख्या (चालु शैक्षिक सत्र, पूर्व प्राथमिक बाहेक) | • शिक्षा नियमावलीअनुसार भौगोलिक क्षेत्रका आधारमा तोकिएको न्युनतम सङ्ख्याको २५ प्रतिशत भन्दा कम विद्यार्थीलाई सेवा प्रदान गरिएको ।<br>• शिक्षा नियमावलीअनुसार भौगोलिक क्षेत्रका आधारमा तोकिएको न्युनतम सङ्ख्याको २५ देखि ५० प्रतिशतसम्म विद्यार्थीलाई सेवा प्रदान गरिएको ।<br>• शिक्षा नियमावलीअनुसार भौगोलिक क्षेत्रका आधारमा तोकिएको न्युनतम सङ्ख्याको ५० देखि ७५ प्रतिशत सम्म विद्यार्थीलाई सेवा प्रदान गरिएको<br>• शिक्षा नियमावलीअनुसार भौगोलिक क्षेत्रका आधारमा तोकिएको न्युनतम सङ्ख्याको ७५ प्रतिशत भन्दा बढी विद्यार्थीलाई सेवा प्रदान गरिएको । | ०<br>१<br>२<br>३ | विद्यालयको अभिलेख, IEMIS |
| २. कुल भर्नामा छात्राको प्रतिशत (आधारभूत तह १-८)<br><br>राष्ट्रिय औसत<br>२०७७ ४९.७५ | • शैक्षिक सत्र २०७७ को राष्ट्रिय औसत भन्दा कम रही आफ्नो विद्यालयको शैक्षिक सत्र २०७८ को भन्दा घटेको<br>• शैक्षिक सत्र २०७७ को राष्ट्रिय औसत भन्दा कम रहे पनि आफ्नो विद्यालयको शैक्षिक सत्र २०७८को भन्दा नघटेको<br>• आफ्नो विद्यालयको शैक्षिक सत्र २०७८ को भन्दा घटे तापनि शैक्षिक सत्र २०७७ को राष्ट्रिय औसत भन्दा बढी रहेको<br>• शैक्षिक सत्र २०७७ को राष्ट्रिय औसतसँग बराबर वा सो भन्दा बढी भई आफ्नो विद्यालयको शैक्षिक सत्र २०७८ को भन्दा बढेको | ०<br>१<br>२<br>३ | IEMIS |
| ३. कुल भर्नामा छात्राको प्रतिशत (माध्यमिक तह ९-१०)<br><br>राष्ट्रिय औसत | • शैक्षिक सत्र २०७७ को राष्ट्रिय औसत भन्दा कम रही आफ्नो विद्यालयको शैक्षिक सत्र २०७६ को भन्दा घटेको<br>• शैक्षिक सत्र २०७७ को राष्ट्रिय औसत भन्दा कम रहे पनि आफ्नो विद्यालयको शैक्षिक सत्र २०७६को भन्दा नघटेको<br>• आफ्नो विद्यालयको शैक्षिक सत्र २०७६ को भन्दा घटे | ०<br>१<br>२ | IEMIS |



कुमारी मोक्तान
सामाजिक विकास मन्त्री

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

| | | | |
|---|---|---|---|
| २०७७ ५०.०% | तापनि शैक्षिक सत्र २०७७ को राष्ट्रिय औसत भन्दा बढी रहेको<br>• शैक्षिक सत्र २०७७ को राष्ट्रिय औसतसंग बराबर वा सो भन्दा बढी भई श्रीफ्लो विद्यालयको शैक्षिक सत्र २०७६ को भन्दा बढेका | ३ | |
| ४. विद्यालय छाड्ने दर (कक्षा ८)<br>• | • १०% भन्दा बढी विद्यार्थीले विद्यालय छाडेको भएमा<br>• ६% देखि १०% सम्म विद्यार्थीले विद्यालय छाडेको भएमा<br>• ३% देखि ६% सम्म विद्यार्थीले विद्यालय छाडेको भएमा<br>• ३% भन्दा कम विद्यार्थीले विद्यालय छाडेको भएमा | ०<br>१<br>२<br>३ | IEMIS |
| ५. विद्यालय छाड्ने दर (कक्षा १०) | • १०% भन्दा बढी विद्यार्थीले विद्यालय छाडेको भएमा<br>• ६% देखि १०% सम्म विद्यार्थीले विद्यालय छाडेको भएमा<br>• ३% देखि ६% सम्म विद्यार्थीले विद्यालय छाडेको भएमा<br>• ३% भन्दा कम विद्यार्थीले विद्यालय छाडेको भएमो भएमा | ०<br>१<br>२<br>३ | IEMIS |
| ६. प्रविधिमा आधारित शिक्षण<br>• | • प्रविधिमा आधारित शिक्षण गर्न नसकिएको ।<br>• सातामा कम्तिमा १ पटक सबै कक्षामा प्रविधिमा आधारित शिक्षण गर्ने गरिएको ।<br>• सातामा कम्तिमा २ पटक सबै कक्षामा प्रविधिमा आधारित शिक्षण गर्ने गरिएको ।<br>• सातामा कम्तिमा ३ पटक सबै कक्षामा प्रविधिमा आधारित शिक्षण गर्ने गरिएको । | ०<br>१<br>२<br>३ | प्रविधिमा आधारित शिक्षण भएको भरपर्दो प्रमाण आवश्यक परेको समयमा पेस गर्नु पर्ने |
| ७ विद्यार्थी विद्यार्थी बिच सम्बन्ध | • विद्यार्थी विद्यार्थी बिच सम्बन्ध स्थापन गर्ने कुनै उल्लेखनीय कार्यक्रम नभएको<br>• विद्यार्थी विद्यार्थी बिच असल एवम अपेक्षीत सम्बन्ध स्थापनाका लागि विद्यालय आफैले आचार संहिता निर्माण गरी लागु गरेको<br>• विद्यार्थी विद्यार्थी बिच असल एवम अपेक्षीत सम्बन्ध स्थापनाका लागि विद्यार्थीहरूसँग आपसी छलफलबाट आचार संहिता निर्माण गरी लागु गरेको<br>• अघिल्लोको आधार पुरा भई विद्यार्थी विद्यार्थीबिचमा आवश्यकताको आधारमा सिकाई सहयोगको वातावरण | ०<br>०.५<br>१<br>१.५ | विव्यस / शिक्षक स्टाफ बैठकको माइन्युट सहित बनाइएको आचारसंहिता आवश्यक परेको समयमा पेस गर्नु पर्ने । |



माननीय कुमारी मोक्तान
सामाजिक विकास मन्त्री

| | | | |
|---|---|---|---|
| | सिर्जना गरिएको | | |
| ८. शैक्षिक तथा मनोसामाजिक परामर्श | • शैक्षिक तथा मनोसामाजिक परामर्श कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन हुन नसकेको ।<br>• विद्यालयमा शैक्षिक तथा मनोसामाजिक परामर्शसम्बन्धी निर्देशिका तयार गरी कार्यान्वयनमा ल्याइएको<br>• अघिल्लो आधार पुरा भई चालु शैक्षक सत्रमा कुल विद्यार्थी सङ्ख्याको ५ प्रतिशत भन्दा बढी विद्यार्थीहरूलाई शैक्षिक तथा मनोसामाजिक परामर्श प्रदान गरिएको<br>• अघिल्लो आधार पुरा भई चालु शैक्षक सत्रमा कुल विद्यार्थी सङ्ख्याको १० प्रतिशत भन्दा बढी विद्यार्थीहरूलाई शैक्षिक तथा मनोसामाजिक परामर्श प्रदान गरिएको | ०<br>०.५<br>१<br>१.५ | यस कार्य व्यवस्थापन गर्न गरिएका निर्णयहरू एवम् सम्पादित कार्य प्रतिवेदन आवश्यक परेको समयमा पेस गर्नु पर्ने |
| ९. बालबालिकाको स्वास्थ्य तथा पोषण | • यस शैक्षिक सत्रमा कुनै पनि बालबालिकाको स्वास्थ्य परीक्षण गरिएको छैन ।<br>• यस शैक्षिक सत्रमा ५० प्रतिशत भन्दा बढी बालबालिकाको स्वास्थ्य परीक्षण गरिएको<br>• अघिल्लो आधार पुरा भई विद्यालयमा सबै विद्यार्थीका लागि खाजा व्यवस्थापन गर्न सक्ने भनेता गृहको व्यवस्था समेत भएको ।<br>• अघिल्लो आधार पुरा भई विद्यालयमा जङ्क फुड व्यवस्थापन सम्बन्धी निर्देशिका/आचारसंहिता निर्माण गरी प्रयोगमा ल्याइएको | ०<br>१<br>२<br>३ | विद्यालयको स्वास्थ्य अभिलेख आवश्यक परेको समयमा पेस गर्नु पर्ने |
| १०.अतिरिक्त तथा सह क्रियाकलाप योजना निर्माण तथा कार्यान्वयन | • अतिरिक्त तथा सह क्रियाकलापको प्रमाणित वार्षिक योजना नभएको ।<br>• अतिरिक्त तथा सह क्रियाकलापको प्रमाणित वार्षिक योजना भई योजनामा विद्यालयका सबै विद्यार्थीहरूलाई कम्तिमा एक क्रियाकलापमा सहभागी हुने गरी व्यवस्थापन गरिएको<br>• अघिल्लो आधार पुरा भई योजनाको हालसम्म ६० प्रतिशत भन्दा बढी कार्यान्वयन भएको<br>• अघिल्ला आधार पुरा भै कुल विद्यार्थी सङ्ख्याको ५० प्रतिशत विद्यार्थीले कुनै न कुनै क्रियाकलापमा सहभागी हुने मौका प्राप्त गरेका । | ०<br>१<br>२<br>३ | विद्यालयको शैक्षिक क्यालेन्डर एवम् अतिरिक्त तथा सह क्रियाकलाप योजना निर्माण तथा कार्यान्वयनको प्रतिवेदन आवश्यक परेको समयमा पेस गर्नु पर्ने |
| ११. बाल केन्द्रित समूहहरूको गठन तथा परिचालन | • विद्यालयमा बालक्लब, एवं अन्य कुनै पनि समूहहरू आधिकारिक रुपमा गठन नभएको ।<br>• कुनै एक क्लब वा समूह आधिकारिक रुपमा गठन भई | ०<br>१ | गठन गर्ने गरिएको निर्णय एवम् गठन तथा पुनर्गठन भएको मिति उल्लेख गर्नु |

| | | | |
|---|---|---|---|
| | क्रियाशील भएको ।<br>• कुनै दुई क्लब वा समूह आधिकारिक रुपमा गठन भई क्रियाशील भएको ।<br>• कुनै तीन क्लब वा समूह आधिकारिक रुपमा गठन भई क्रियाशील भएको । | २<br>३ | पर्ने |
| १२. उपचारात्मक शिक्षण व्यवस्थापन<br>• | • निरन्तर मूल्याङ्कन पद्धतिको प्रयोग गरी उपचारात्मक शिक्षण गर्नु पर्ने बालबालिकाहरू पहिचान गर्ने नगरिएको<br>• आवश्यकता महशुस गरिएको विद्यार्थी सङ्ख्याको ५०% विद्यार्थीले उपचारात्मक शिक्षण सेवा प्राप्त गरेका ।<br>• आवश्यकता महशुस गरिएको विद्यार्थी सङ्ख्याको ७५% विद्यार्थीले उपचारात्मक शिक्षण सेवा प्राप्त गरेका ।<br>• आवश्यकता महशुस गरिएको विद्यार्थी सङ्ख्याको ९०% भन्दा बढी विद्यार्थीले उपचारात्मक शिक्षण सेवा प्राप्त गरेका। | ०<br>०.५<br>१<br>१.५ | उपचारात्मक शिक्षण व्यवस्थापन गर्न गरिएका निर्णयहरू एवम् सम्पादित कार्य प्रतिवेदन आवश्यक परेको समयमा पेस गर्नु पर्ने |
| १३ विद्यार्थी केन्द्रित व्यवस्थापन र नविनतम तथा सिर्जनात्मक तरिकाहरू | • विद्यालयले विद्यार्थी केन्द्रित व्यवस्थापनमा नविनतम तथा सिर्जनात्मक तरिकाहरू प्रयोग नगरेको<br>• कुनै एक नविनतम तथा सिर्जनात्मक तरिकाहरू प्रयोग गरेको<br>• कुनै दुई नविनतम तथा सिर्जनात्मक तरिकाहरू प्रयोग गरेको<br>• कुनै तीन नविनतम तथा सिर्जनात्मक तरिकाहरू प्रयोग गरेको | ०<br>१<br>२<br>३ | यस कार्य व्यवस्थापन गर्न गरिएका निर्णयहरू एवम् सम्पादित कार्य प्रतिवेदन आवश्यक परेको समयमा पेस गर्नु पर्ने । |
| १४.कठिन परिस्थितिमा रहेका एवम् अपाङ्गता भएका बालबालिकाहरूको सहयोग व्यवस्थापन | • आर्थिक रुपमा कठिन परिस्थितिमा रहेका एवम् अपाङ्गता भएका बालबालिकाहरूको तथ्याङ्क व्यवस्थित नगरिएको<br>• आवश्यकता महशुस गरिएको विद्यार्थी सङ्ख्याको ५०% विद्यार्थीले विद्यालय पोसाक तथा स्टेसनरी एवं अन्य सहयोग प्राप्त गरेका ।<br>• आवश्यकता महशुस गरिएको विद्यार्थी सङ्ख्याको ७५% विद्यार्थीले विद्यालय पोसाक तथा स्टेसनरी एवम् अन्य सहयोग प्राप्त गरेका ।<br>• आवश्यकता महसुस गरिएको विद्यार्थी सङ्ख्याको ९०% भन्दा बढी विद्यार्थीले विद्यालय पोसाक तथा स्टेसनरी एवम् अन्य सहयोग प्राप्त गरेका । | ०<br>०.५<br>१<br>१.५ | यस कार्य व्यवस्थापन गर्न गरिएका निर्णयहरू एवम् सम्पादित कार्य प्रतिवेदन आवश्यक परेको समयमा पेस गर्नु पर्ने |
| | जम्मा | २६ | |

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

माननीय कुमारी मोक्तान
सामाजिक विकास मन्त्री

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

## अनुसूची-२

### (दफा-४ "क" सँग सम्बन्धित)

**विद्यार्थी-केन्द्रित व्यवस्थापन सुधार कार्यक्रम सञ्चालनका लागि विद्यालय छनोट सूचक मापन आधार (आधारभूत तह)**

| सूचक | मापनको आधार | अङ्क | स्रोत |
|---|---|---|---|
| १.भर्ना भएका जम्मा विद्यार्थी सङ्ख्या<br>(चालु शैक्षिक सत्र, पूर्व प्राथमिक बाहेक, कक्षा १–८ ) | • शिक्षा नियमावलीअनुसार भौगोलिक क्षेत्रका आधारमा तोकिएको न्यूनतम सङ्ख्याको २५ प्रतिशत भन्दा कम विद्यार्थीलाई सेवा प्रदान गरिएको ।<br>• शिक्षा नियमावली नुसार भौगोलिक क्षेत्रका आधारमा तोकिएको न्यूनतम सङ्ख्याको २५ देखि ५० प्रतिशतसम्म विद्यार्थीलाई सेवा प्रदान गरिएको ।<br>• शिक्षा नियमावलीअनुसार भौगोलिक क्षेत्रका आधारमा तोकिएको न्यूनतम सङ्ख्याको ५० देखि ७५ प्रतिशतसम्म विद्यार्थीलाई सेवा प्रदान गरिएको<br>• शिक्षा नियमावलीअनुसार भौगोलिक क्षेत्रका आधारमा तोकिएको न्यूनतम सङ्ख्याको ७५ प्रतिशत भन्दा बढी विद्यार्थीलाई सेवा प्रदान गरिएको । | ०<br>१<br>२<br>३ | विद्यालयको अभिलेख |
| २. कुल भर्नामा छात्राको प्रतिशत (आधारभूत तह १-८)<br>राष्ट्रिय औसत<br>२०७७ ४९.७५ % | • शैक्षिक सत्र २०७७ को राष्ट्रिय औसत भन्दा कम रही आफ्नो विद्यालयको शैक्षिक सत्र २०७८ को भन्दा घटेको<br>• शैक्षिक सत्र २०७७ को राष्ट्रिय औसत भन्दा कम रहे पनि आफ्नो विद्यालयको शैक्षिक सत्र २०७८को भन्दा नघटेको<br>• आफ्नो विद्यालयको शैक्षिक सत्र २०७८ को भन्दा घटे तापनि शैक्षिक सत्र २०७७ को राष्ट्रिय औसत भन्दा बढी रहेको<br>• शैक्षिक सत्र २०७७ को राष्ट्रिय औसतसँग बराबर वा सो भन्दा बढी भई आफ्नो विद्यालयको शैक्षिक सत्र २०७८ को भन्दा बढेको | ०<br>१<br>२<br>३ | IEMIS |
| ३. विद्यालय छाड्ने दर (कक्षा ८) | • १०% भन्दा बढी विद्यार्थीले विद्यालय छाडेको भएमा<br>• ६% देखि १०% सम्म विद्यार्थीले विद्यालय छाडेको भएमा<br>• ३% देखि ६% सम्म विद्यार्थीले विद्यालय छाडेको भएमा<br>• ३% भन्दा कम विद्यार्थीले विद्यालय छाडेको भएमा | ०<br>१<br>२<br>३ | IEMIS |
| ४.बालबालिकाको स्वास्थ्य तथा पोषण | • यस शैक्षिक सत्रमा कुनै पनि बालबालिकाको स्वास्थ्य परीक्षण गरिएको छैन ।<br>• यस शैक्षिक सत्रमा ५० प्रतिशत भन्दा बढी बालबालिकाको स्वास्थ्य परीक्षण गरिएको | ०<br>१ | विद्यालयको स्वास्थ्य अभिलेख आवश्यक परेको समयमा |



माननीय कुमारी मोक्तान
सामाजिक विकास मन्त्री

| | | | |
|---|---|---|---|
| | • अघिल्लो आधार पुरा भई विद्यालयमा सबै विद्यार्थीका लागि खाजा व्यवस्थापन गर्न सक्ने चमेना गृहको व्यवस्था समेत भएको ।<br>• अघिल्लो आधार पुरा भई विद्यालयमा जङ्क फुड व्यवस्थापनसम्बन्धी निर्देशिका/आधार सहित निर्माण गरी प्रयोगमा ल्याइएको । | २<br>३ | पेस गर्नु पर्ने |
| ५. अतिरिक्त तथा सह क्रियाकलाप योजना निर्माण तथा कार्यान्वयन | • अतिरिक्त तथा सह क्रियाकलापको प्रमाणित वार्षिक योजना नभएको ।<br>• अतिरिक्त तथा सह क्रियाकलापको प्रमाणित वार्षिक योजना भई योजनामा विद्यालयका सबै विद्यार्थीहरूलाई कम्तिमा एक क्रियाकलापमा सहभागी हुने गरी व्यवस्थापन गरिएको<br>• माथि १.को आधार पुरा भई योजनाको हालसम्म ६० प्रतिशत भन्दा बढी कार्यान्वयन भएको<br>• माथिका १ र २ को आधार पुरा भै कुल विद्यार्थी सङ्ख्याको ५० प्रतिशत विद्यार्थीले कुनै न कुनै क्रियाकलापमा सहभागी हुने मौका प्राप्त गरेका । | ०<br>१<br>२<br>३ | विद्यालयको शैक्षिक क्यालेण्डर एवम् अतिरिक्त तथा सह क्रियाकलाप योजना निर्माण तथा कार्यान्वयनको प्रतिवेदन आवश्यक परेको समयमा पेस गर्नुपर्ने |
| ६. बाल केन्द्रित समूहहरूको गठन तथा परिचालन | • विद्यालयमा बालक्लब, एवम् अन्य कुनै पनि समूहहरू आधिकारिक रुपमा गठन नभएको ।<br>• कुनै एक क्लब वा समूह आधिकारिक रूपमा गठन भई क्रियाशील भएको ।<br>• कुनै दुई क्लब वा समूह आधिकारिक रूपमा गठन भई क्रियाशील भएको ।<br>• कुनै तीन क्लब वा समूह आधिकारिक रूपमा गठन भई क्रियाशील भएको । | ०<br>१<br>२<br>३ | गठन गर्ने गरिएको निर्णय एवं गठन तथा पुनर्गठन भएको मिति उल्लेख गर्नुपर्ने |
| ७. उपचारात्मक शिक्षण व्यवस्थापन | • निरन्तर मूल्याङ्कन पद्धतिको प्रयोग गरी उपचारात्मक शिक्षण गर्नु पर्ने बालबालिकाहरू पहिचान गर्ने नगरिएको<br>• आवश्यकता महसुस गरिएको विद्यार्थी सङ्ख्याको ५०% विद्यार्थीले उपचारात्मक शिक्षण सेवा प्राप्त गरेका ।<br>• आवश्यकता महसुस गरिएको विद्यार्थी सङ्ख्याको ७५% विद्यार्थीले उपचारात्मक शिक्षण सेवा प्राप्त गरेका ।<br>• आवश्यकता महसुस गरिएको विद्यार्थी सङ्ख्याको ९०% भन्दा बढी विद्यार्थीले उपचारात्मक शिक्षण सेवा प्राप्त गरेका । | ०<br>१<br>२<br>३ | उपचारात्मक शिक्षण व्यवस्थापन गर्न गरिएका निर्णयहरू एवम् सम्पादित कार्य प्रतिवेदन आवश्यक परेको समयमा पेस गर्नुपर्ने |
| ८. प्रविधिमा आधारित शिक्षण | • प्रविधिमा आधारित शिक्षण गर्न नसकिएको ।<br>• सातामा कम्तिमा १ पटक सबै कक्षामा प्रविधिमा आधारित | ०<br>१ | प्रविधिमा आधारित शिक्षण भएको |

| | | | |
|---|---|---|---|
| | शिक्षण गर्ने गरिएको ।<br>• सातामा कम्तिमा २ पटक सबै कक्षामा प्रविधिमा आधारित शिक्षण गर्ने गरिएको ।<br>• सातामा कम्तिमा ३ पटक सबै कक्षामा प्रविधिमा आधारित शिक्षण गर्ने गरिएको । | २<br>३ | भरपर्दो प्रमाण आवश्यक परेको समयमा पेस गर्नुपर्ने |
| ९. मातृभाषामा शिक्षण व्यवस्थापन | • आफ्नो विद्यालयमा भर्ना भएकामध्ये मातृभाषामा शिक्षा दिनु पर्ने बालबालिकाहरू पहिचान नगरिएको ।<br>• आफ्नो विद्यालयमा भर्ना भएकमध्ये मातृभाषामा शिक्षा दिनु पर्ने बालबालिकाहरू पहिचान गरी मातृभाषाबाटै शिक्षण सुरु गरिएको<br>• अघिल्लो आधार पुरा भई बहुभाषिक कक्षा व्यवस्थापनसम्बन्धी तालिम सम्बन्धित शिक्षकहरूलाई प्रदान गरिएको<br>• अघिल्लो आधार पुरा भई शिक्षकहरूको सहयोगमा मातृभाषमा आधारित अध्ययन सामग्री तयार गरी प्रयोग गर्ने गरिएको । | ०<br>१<br>२<br>३ | मातृभाषामा शिक्षण व्यवस्थापन गर्ने गरिएका निर्णयहरू एवम् सम्पादित कार्य प्रतिवेदन आवश्यक परेको समयमा पेस गर्नुपर्ने |
| १०. विद्यार्थी- विद्यार्थी बिच सम्बन्ध | • विद्यार्थी- विद्यार्थीबिच सम्बन्ध स्थापना गर्ने कुनै उल्लेखनीय कार्यक्रम नभएको<br>• विद्यार्थी- विद्यार्थीबिच असल एवम् अपेक्षित सम्बन्ध स्थापनाका लागि विद्यालय आफैले आचारसंहिता निर्माण गरी लागु गरेको ।<br>• विद्यार्थी- विद्यार्थीबिच असल एवम् अपेक्षित सम्बन्ध स्थापनाका लागि विद्यार्थीहरूसँग आपसि छलफलबाट आचारसंहिता निर्माण गरी लागु गरेको ।<br>• अघिल्लोको आधार पुरा भई विद्यार्थी-विद्यार्थीबिचमा आवश्यकताको आधारमा सिकाई सहयोगको वातावरण सिर्जना गरिएको | ०<br>१<br>२<br>३ | विव्यस/शिक्षक स्टाफ बैठकको माइन्युट सहित बनाइएको आचारसंहिता आवश्यक परेको समयमा पेस गर्नुपर्ने |
| ११. विद्यार्थी- शिक्षक बिच सम्बन्ध स्थापना | • विद्यार्थी- शिक्षकबिच सम्बन्ध स्थापना गर्ने कुनै उल्लेखनीय कार्यक्रम नभएको<br>• विद्यार्थी- शिक्षकबिच असल एवम् अपेक्षित सम्बन्ध स्थापनाका लागि विद्यालय आफैले आचार संहिता निर्माण गरी लागु गरेको<br>• विद्यार्थी- शिक्षकबिच असल एवम् अपेक्षित सम्बन्ध स्थापनाका लागि विद्यार्थीहरूसँग आपसी छलफलबाट आचारसंहिता निर्माण गरी लागु गरेको ।<br>• अघिल्लोको आधार पुरा भई विद्यार्थी- शिक्षक बिचमा आवश्यकताको आधारमा कक्षाको बाहिरसमेत शैक्षिक सहयोग आदान प्रदान गर्ने वातावरण तयार गरेको । | ०<br>०.५<br>१<br>१.५ | विव्यस/शिक्षक स्टाफ बैठकको माइन्युट सहित बनाइएको आचारसंहिता आवश्यक परेको समयमा पेस गर्नुपर्ने |
| १२ विद्यार्थीकेन्द्रित व्यवस्थापन र नविनतम | • विद्यालयले विद्यार्थी केन्द्रित व्यवस्थापनमा नविनतम तथा सिर्जनात्मक | ० | यस कार्य व्यवस्थापन गर्ने |

| | | | |
|---|---|---|---|
| तथा सिर्जनात्मक तरिकाहरू | तरिकाहरू प्रयोग नगरेको<br>• कुनै एक नविनतम तथा सिर्जनात्मक तरिकाहरू प्रयोग गरेको<br>• कुनै दुई नविनतम तथा सिर्जनात्मक तरिकाहरू प्रयोग गरेको<br>• कुनै तीन नविनतम तथा सिर्जनात्मक तरिकाहरू प्रयोग गरेको | ०.५<br>१<br>१.५ | गरिएका निर्णयहरू एवम् सम्पादित कार्य प्रतिवेदन आवश्यक परेको समयमा पेश गर्नुपर्ने । |
| १३. शैक्षिक तथा मनोसामाजिक परामर्श<br>• | • शैक्षिक तथा मनोसामाजिक परामर्श कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन हुन नसकेको ।<br>• विद्यालयमा शैक्षिक तथा मनोसामाजिक परामर्शसम्बन्धी निर्देशिका तयार गरी कार्यान्वयनमा ल्याइएको<br>• अघिल्लो आधार पुरा भई चालु शैक्षक सत्रमा कुल विद्यार्थी सङ्ख्याको ५ प्रतिशत भन्दा बढी विद्यार्थीहरूलाई शैक्षिक तथा मनोसामाजिक परामर्श प्रदान गरिएको<br>• अघिल्लो आधार पुरा भई चालु शैक्षक सत्रमा कुल विद्यार्थी सङ्ख्याको १० प्रतिशत भन्दा बढी विद्यार्थीहरूलाई शैक्षिक तथा मनोसामाजिक परामर्श प्रदान गरिएको | ०<br>०.५<br>१<br>१.५ | यस कार्य व्यवस्थापन गर्न गरिएका निर्णयहरू एवं सम्पादित कार्य प्रतिवेदन आवश्यक परेको समयमा पेश गर्नुपर्ने |
| १४. कठिन परिस्थितिमा रहेका एवम् अपाङ्गता भएका बालबालिकाहरूको सहयोग व्यवस्थापन<br>• | • आर्थिक रुपमा कठिन परिस्थितिमा रहेका एवम् अपाङ्गता भएका बालबालिकाहरू बालबालिकाहरूको तथ्याङ्क व्यवस्थित नगरिएको<br>• आवश्यकता महसुस गरिएको विद्यार्थी सङ्ख्याको ५०% विद्यार्थीले विद्यालय पोसाक तथा स्टेसनरी एवम् अन्य सहयोग प्राप्त गरेका ।<br>• आवश्यकता महसुस गरिएको विद्यार्थी सङ्ख्याको ७५% विद्यार्थीले विद्यालय पोसाक तथा स्टेसनरी एवम् अन्य सहयोग प्राप्त गरेका ।<br>• आवश्यकता महसुस गरिएको विद्यार्थी सङ्ख्याको ९०% भन्दा बढी विद्यार्थीले विद्यालय पोसाक तथा स्टेसनरी एवम् अन्य सहयोग प्राप्त गरेका । | ०<br>०.५<br>१<br>१.५ | यस कार्य व्यवस्थापन गर्न गरिएका निर्णयहरू एवम् सम्पादित कार्य प्रतिवेदन आवश्यक परेको समयमा पेश गर्नुपर्ने |
| | जम्मा | ३६ | |

बागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालय हेटौंडा, नेपाल

माननीय कुमारी मोक्तान सामाजिक विकास मन्त्री

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

# अनुसूची-३

(दफा-४ "ग" सँग सम्बन्धित)

विद्यालय वर्गीकरणका आधार

| स्तर | कमजोर | मध्यम | उत्तम | अत्युत्तम | उत्कृष्ट |
|---|---|---|---|---|---|
| अङ्क | १०.८० भन्दा कम | १०.८० देखि १९.८० भन्दा कम | १९.८० देखि २७.०० भन्दा कम | २७.०० देखि ३२.४० भन्दा कम | ३२.४० देखि ३६.०० सम्म |

माननीय कुमारी मोक्तान
सामाजिक विकास मन्त्री

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

# अनुसूची ४:

## (दफा-६ "क" सँग सम्बन्धित)

## शिक्षा विकास निर्देशनालय
## बागमती प्रदेश, हेटौंडा
## आवेदनको ढाँचा

१. विद्यालयको नाम :                    २. विद्यालयको EMIS सङ्केत नं.:

३. सञ्चालित कक्षा :

४. ठेगाना : गाउँ /नगर                    वडा नं

स्थान:

५. विद्यार्थीको पहुँच, समता, गुणस्तर र सक्षमता:

| सूचकहरू | शैक्षिक सत्र २०७८ | शैक्षिक सत्र २०७९ | सत्यापनको आधार |
|---|---|---|---|
| ५.१ भर्ना भएका जम्मा विद्यार्थी सङ्ख्या (पूर्व प्राथमिक बाहेक): | | | |
| ५.२ कुल भर्नामा छात्राको प्रतिशत (आधारभूत, कक्षा १-८) | | | |
| ५.३ कुल भर्नामा छात्राको प्रतिशत (माध्यमिक, कक्षा ९-१०) | | | |
| ५.४ विद्यालय छाड्ने दर (कक्षा ८) | | आवश्यक नभएको | |
| ५.५ विद्यालय छाड्ने दर (कक्षा १०) | | आवश्यक नभएको | |

६. बालबालिकाको स्वास्थ्य तथा पोषण

| सूचकहरू | विवरण | विवरण | सत्यापनको आधार |
|---|---|---|---|
| ६.१ स्वास्थ्य परीक्षण | यस शैक्षिक सत्रमा विद्यालयको पहलमा बालबालिकाको स्वास्थ्य परीक्षण गरियो ☐ /गरिएन ☐ | गरिएको भए कुनै एकपटक स्वास्थ्य परीक्षण गरिएका बालबालिकाहरूको सङ्ख्या ........<br>कुल विद्यार्थीको आधारमा % ........ | |
| ६.२ भमेना गृह | विद्यालयमा विद्यार्थीका लागि खाजा व्यवस्थापन गर्न सक्ने भमेना गृहको व्यवस्था छ ☐ /छैन ☐ | छ भने खाजा समयमा कति जना विद्यार्थीले खाजा खान सक्छन् ?......जना | |
| ६.३ जङ्क फुड व्यवस्थापन | विद्यालयमा जङ्क फुड व्यवस्थापनसम्बन्धी निर्देशिका/आचार संहित निर्माण गरी प्रयोगमा ल्याइएको छ ☐/छैन ☐ | आचारसंहिता छ भने कसले बनाइयो? | |

७. अतिरिक्त तथा सह क्रियाकलाप योजना निर्माण तथा कार्यान्वयन

| सूचकहरू | विवरण | विवरण | सत्यापनको आधार |
|---|---|---|---|
| ७.१ अतिरिक्त तथा सह क्रियाकलापको योजना | यस शैक्षिक सत्रका लागि अतिरिक्त तथा सह क्रियाकलापको योजना शैक्षिक क्यालेन्डरमा उल्लेख गरिएको छ ☐ /छैन ☐ | यदि छ भने योजनामा भएका क्रियाकलापहरूमा विद्यालयका सबै विद्यार्थीहरूले सहभागिताको अवसर प्राप्त गर्न सक्छन् ☐सक्दैनन्☐ | |



माननीय कुमारी मोक्तान
सामाजिक विकास मन्त्री

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

| | | | |
|---|---|---|---|
| ७.२ अतिरिक्त तथा सह क्रियाकलापको कार्यान्वयन | यस शैक्षिक सत्रमा योजनामा भएका क्रियाकलापहरूमा कति प्रतिशत कार्यक्रम सम्पन्न भयो ? ………… | हालसम्म कतिजना विद्यार्थीले कुनै एक क्रियाकलापमा सहभागी हुने अवसर प्राप्त गरे ? ………… <br> कुल विद्यार्थीको अनुपातमा %………… | |

८. बाल केन्द्रित समूहहरूको गठन तथा परिचालन

| सूचकहरू | गठन भएको मिति | पुनर्गठन भएको मिति | गरेको महत्त्वपूर्ण कार्य | सत्यापनको आधार |
|---|---|---|---|---|
| ८.१ बाल क्लब | | | कार्यक्रमको नाम: <br> सञ्चालन भएको मिति: | |
| ८.२ जुनियर रेडक्रस | | | कार्यक्रमको नाम: <br> सञ्चालन भएको मिति: | |
| ८.३ स्काउट | | | कार्यक्रमको नाम: <br> सञ्चालन भएको मिति: | |
| ८.४ इको क्लब | | | कार्यक्रमको नाम: <br> सञ्चालन भएको मिति: | |
| अन्य… | | | कार्यक्रमको नाम: <br> सञ्चालन भएको मिति: | |
| ……… | | | | |

९. उपचारात्मक शिक्षण व्यवस्थापन

| सूचकहरू | विवरण | विवरण | सत्यापनको आधार |
|---|---|---|---|
| ९.१ उपचारात्मक शिक्षण आवश्यक पर्ने विद्यार्थीहरूको पहिचान र उपचारात्मक शिक्षण | निरन्तर मूल्याङ्कन पद्धतिको प्रयोग गरी उपचारात्मक शिक्षण गर्नु पर्ने बालबालिकाहरू पहिचान गर्ने गरिएको ☐ / नगरिएको ☐ | यदि गरिएको हो भने यस शैक्षिक सत्रमा विभिन्न कक्षाका कतिजना विद्यार्थीलाई उपचारात्मक शिक्षणको आवश्यकता महसुस गरियो ? ………………… <br> आवश्यकता महसुस गरिएकामध्ये उपचारात्मक शिक्षण प्राप्त गरेकाको सङ्ख्या ………………… | |

१० विद्यार्थी केन्द्रित व्यवस्थापनमा नवीनतम तथा सिर्जनात्मक तरिकाहरू

| सूचकहरू | विवरण | विवरण | सत्यापनको आधार |
|---|---|---|---|
| १०.१ विद्यार्थी केन्द्रित व्यवस्थापनमा नवीनतम तथा सिर्जनात्मक तरिकाहरूको प्रयोग | विद्यार्थी केन्द्रित व्यवस्थापनमा विद्यालयको पहलमा नवीनतम तथा सिर्जनात्मक तरिकाहरूको प्रयोग गर्ने <br> नगरिएको ☐ /गरिएको ☐ | यदि गरिएको हो भने यस शैक्षिक सत्रमा विद्यालयले सम्पन्न गरेका तीनवटा नवीनतम तथा सिर्जनात्मक तरिकाहरू उल्लेख गर्नुहोस । <br> क <br> ख <br> ग………… | |

११. कठिन परिस्थितिमा रहेका एवम् अपाङ्गता भएका बालबालिकाहरूको सहयोग व्यवस्थापन

| सूचकहरू | विवरण | विवरण | सत्यापनको आधार |
|---|---|---|---|



माननीय कुमारी मोक्तान
सामाजिक विकास मन्त्री

| | | | |
|---|---|---|---|
| ११.१ कठिन परिस्थितिमा रहेका एवम् अपाङ्गता भएका बालबालिकाहरूको सहयोग व्यवस्थापन | यस शैक्षिक सत्रमा आर्थिक रूपमा कठिन परिस्थितिमा रहेका एवम् अपाङ्गता भएका बालबालिकाहरूको तथ्याङ्क व्यवस्थित नगरिएको /गरिएको | यदि गरिएको हो भने यस शैक्षिक सत्रमा विभिन्न कक्षाका कतिजना विद्यार्थी आर्थिक रूपमा कठिन परिस्थितिमा रहेका एवम् अपाङ्गता भएका पाइयो ?<br>...............<br>उनीहरूमध्ये कतिले विद्यालय पोसाक तथा स्टेशनरी एवम् अन्य सहयोग प्राप्त गरे ?<br>.........................<br>विद्यालय पोशाक तथा स्टेशनरी तथा अन्य सहयोग प्राप्त गरेकाकोड :<br>........................................ | |

१२. प्रविधिमा आधारित शिक्षण

| सूचकहरू | विवरण | सत्यापनको आधार |
|---|---|---|
| १२.१ प्रविधिमा आधारित शिक्षण | • जम्मा कक्षा सङ्ख्या:<br>• प्रविधिमा आधारित शिक्षण गर्ने गरिएको ☐ /नगरिएको ☐<br>यदि गरिएको भए<br>– सातामा कम्तिमा १ पटक सबै कक्षामा प्रविधिमा आधारित शिक्षण गर्ने गरिएको ☐<br>– सातामा कम्तिमा २ पटक सबै कक्षामा प्रविधिमा आधारित शिक्षण गर्ने गरिएको ☐<br>– सातामा कम्तिमा ३ पटक सबै कक्षामा प्रविधिमा आधारित शिक्षण गर्ने गरिएको ☐ | |

१३. मातृ भाषामा शिक्षण व्यवस्थापन

| सूचकहरू | विवरण | सत्यापनको आधार |
|---|---|---|
| १३.१ मातृ भाषामा शिक्षण व्यवस्थापन | • चालु शैक्षिक सत्रमा आफ्ना विद्यालयमा भर्ना भएकामध्ये मातृभाषामा शिक्षा दिनु पर्ने बालबालिकाहरू पहिचान गरी मातृभाषामा शिक्षण गरिएको ☐ / नगरिएको ☐<br>• बहुभाषिक कक्षा व्यवस्थापनसम्बन्धी तालिम सम्बन्धित शिक्षकहरूलाई प्रदान गरिएको ☐ / नगरिएको ☐<br>• शिक्षकहरूको सहयोगमा मातृभाषामा आधारित अध्ययन सामग्री तयार गरी प्रयोग गर्ने गरिएको ☐ /नगरिएको ☐ | |

१४. विद्यार्थी- विद्यार्थीबिच सम्बन्ध स्थापना

| सूचकहरू | विवरण | सत्यापनको आधार |
|---|---|---|
| १४.१ विद्यार्थी- शिक्षकबिच सम्बन्ध स्थापना | • विद्यार्थी- विद्यार्थी बिच सम्बन्ध स्थापना गर्ने उल्लेखनीय कार्यक्रम भएको ☐ /नभएको ☐<br>यदि भएको भए<br>– विद्यार्थी- विद्यार्थी बिच असल एवम् अपेक्षित सम्बन्ध स्थापनाका लागि विद्यालय आफैंले आचारसंहिता निर्माण गरी लागु गरेको ☐ /नगरेको ☐<br>– विद्यार्थी- विद्यार्थीबिच असल एवम् अपेक्षित सम्बन्ध स्थापनाका लागि विद्यार्थीहरूसँग आपसी छलफलबाट आचारसंहिता निर्माण गरी लागु गरेको ☐ /नगरेक ☐<br>– विद्यार्थी-विद्यार्थी बिचमा आवश्यकताको आधारमा सिकाइ सहयोगको वातावरण सिर्जना | |



बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौडा, नेपाल
माननीय कुमारी मोक्तान
सामाजिक विकास मन्त्री

| | | |
|---|---|---|
| | गरिएको ☐/नगरिएको ☐ | |

१५. विद्यार्थी- शिक्षकबिच सम्बन्ध स्थापना

| सूचकहरू | विवरण | सत्यापनको आधार |
|---|---|---|
| १५.१ विद्यार्थी- शिक्षकबिच सम्बन्ध स्थापना | • विद्यार्थी- शिक्षकबिच सम्बन्ध स्थापना गर्ने उल्लेखनीय कार्यक्रम भएको☐ /नभएको☐<br>यदि भएको भए<br>– विद्यार्थी- शिक्षक बिच असल एवम् अपेक्षित सम्बन्ध स्थापनाका लागि विद्यालय आफैंले आचारसंहिता निर्माण गरी लागु गरेको ☐ /नगरेको ☐<br>– विद्यार्थी- शिक्षकबिच असल एवम् अपेक्षित सम्बन्ध स्थापनाका लागि विद्यार्थीहरूसँग आपसी छलफलबाट आचारसंहिता निर्माण गरी लागु गरेको ☐/नगरेको ☐<br>– विद्यार्थी- शिक्षक बिचमा आवश्यकताको आधारमा नियमित कक्षामा बाहेक कक्षा बाहिरसमेत शैक्षिक सहयोग आदान प्रदान गर्ने वातावरण तयार गरेको ☐ /नगरेको ☐ | |

१६. शैक्षिक तथा मनोसामाजिक परामर्श

| सूचकहरू | विवरण | सत्यापनको आधार |
|---|---|---|
| १६.१ शैक्षिक तथा मनोसामाजिक परामर्श | • शैक्षिक तथा मनोसामाजिक परामर्श कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन हुन सकेको ☐ / नसकेको ☐<br>• विद्यालयमा शैक्षिक तथा मनोसामाजिक परामर्शसम्बन्धी निर्देशिका तयार गरी कार्यान्वयनमा ल्याइएका ☐ /नल्याइएको ☐<br>यदि ल्याइएको भए<br>– आवश्यकताको आधारमा मनोसामाजिक परामर्श उपलब्ध गराइएको विद्यार्थी सङ्ख्याको % : | |

१७.यस अनुदानबाट सम्पादन गरिने कार्यहरू:

| सम्पादन गरिने कार्यहरू | सम्पादन गरिने कार्यहरूको संक्षिप्त विवरण |
|---|---|
| | |
| | |

मानवीय कुमारी सोतान
सामाजिक विकास मन्त्री

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

१८. अभिलेखन तथा प्रमाणित गर्ने

| | | |
|---|---|---|
| शिक्षकको नाम: | प्रअको नाम: | विव्यस अध्यक्ष वा तोकिएको सदस्यको नाम: |
| दस्तखत: | दस्तखत: | दस्तखत: |
| शिक्षकको नाम: | विद्यालयको छाप: | मिति: |
| दस्तखत | | |

स्थानीय तह शिक्षा एकाइबाट प्रमाणित गर्ने व्यक्तिको नाम:

पद: दस्तखत: छाप:

माननीय कुमारी मोक्तान
सामाजिक विकास मन्त्री

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

अनुसूची ५

(दफा-९ को उपदफा (१)सँग सम्बन्धित)

सम्झौतापत्रको ढाँचा

शिक्षा विकास निर्देशनालय, बागमती प्रदेश, हेटौंडा ( जसलाई प्रथम पक्ष भनिएको छ) र जिल्ला .................................. वडा नं. .................. मा सञ्चालित श्री .................................................................................................. (जसलाई द्वितीय पक्ष भनिएको छ) बिच विद्यार्थी केन्द्रित व्यवस्थापन सुधार कार्यक्रम सञ्चालनका लागि तपसिलका सर्तहरू पालना गर्नेगरी यो सम्झौता गरिदियौं, लियौं ।

क. प्रथम पक्षले पालन गर्नुपर्ने सर्तहरू:-

१.विद्यालयलाई प्रस्तावअनुसारको कार्यक्रमको शैक्षिक कार्यक्रम व्यवस्थापनका लागि माध्यमिक तहमा अधिकतम रु. आठ लाख र आधारभूत तहको लागि अधिकतम रु पाँच लाख मात्र विद्यालयको खातामा तोकिए अनुसार किस्तामा अनुदान दिइनेछ।

२. विद्यालयलाई कार्यक्रम सञ्चालनका लागि सम्झौता भए पश्चात पहिलो किस्तामा ५० प्रतिशतले हुन आउने रकम विद्यालयको खातामा अनुदान निकासा दिइनेछ बाँकी ५० प्रतिशतसम्मको रकम बिल भरपाइ बमोजिम कार्य सम्पन्न गरेपछि विद्यालयको खातामा अनुदान रकम निकासा गरिनेछ।

३. तोकिएको समयभित्र कार्य सम्पन्न नगरेमा वा कार्य अधुरो गरेको पाइएमा प्रथम पक्ष अन्तिम किस्ता रकम निकासा दिन बाध्य हुनेछैन र सम्पन्न नगरेमा वा कार्य अधुरो गरेको पाइएमा प्रथम पक्षले दोस्रो पक्षलाई प्रथम किस्ता बापतको दिएको निकासा रकम बाँकी सरह असुल उपर गरिनेछ।

४. विद्यालयले तोकिएको सर्तअनुसारको प्रकृया पुरा गरी कागजात पेस गरेपछि प्रथम पक्षले अन्तिम किस्ता अनुदान रकम निकासा दिनेछ।

५. सम्झौता विपरित कार्य गरेको पाइएमा प्रथम पक्षले जुनसुकै समयमा पनि यो सम्झौता रद्द गरी दिइएको अनुदान रकम असुलउपर गरिनेछ।

ख. दोस्रो पक्षले पालना गर्नुपर्ने सर्तहरू

१. दोस्रो पक्षले २०८१ जेठमसान्तभित्र कार्य सम्पन्न गरिसक्नु पर्नेछ।

२. विद्यालयले आफ्नो आवश्यकताका आधारमा क्षेत्र वा क्रियाकलाप छनोट गर्दा कम्प्युटर खरिद, शिक्षक तथा कर्मचारीको तलब भत्ता, शिक्षक तालिम, अभिभावक भेला तथा सचेतना कार्यक्रम, बार्षिक उत्सव, शैक्षिक भ्रमण, भित्ते लेखन, जग्गा खरिद, भवन तथा कक्षाकोठा लगायत भौतिक संरचना निर्माण तथा मर्मतबाहेक प्रस्तावनामा पेस भएका कार्यमा यो अनुदान खर्च गर्नुपर्नेछ ।

३. विद्यालयले विद्यार्थी केन्द्रित व्यवस्थापन सुधार कार्यक्रमका लागि स्थानीय तह र शिक्षा विकास निर्देशनालयसँग समन्वय गरी सम्झौता भएको सात दिनभित्र कार्य प्रारम्भ गर्नुपर्नेछ।



माननीय कुमारी मोक्तान
सामाजिक विकास मन्त्री

४. प्रस्तावमा पेस गरिएअनुसारका कार्यक्रमहरू कार्ययोजनाअनुसार विद्यालयले कार्यान्वयन गर्नुपर्नेछ। यस कार्यक्रमको कार्यान्वयनको नेतृत्व विद्यालय व्यवस्थापन समितिले गरी कार्यक्रममा शिक्षकको सक्रिय सहभागिता सुनिश्चित गर्नुपर्दछ।

५. कार्यक्रम कार्यान्वयन गर्दा शैक्षिक उपलब्धि सुधारमा केन्द्रित हुनुपर्नेछ । कार्यक्रम सञ्चालनका लागि विद्यालयले कार्यक्रमको स्वरूपअनुसार टिम बनाउने वा निश्चित जिम्मेवारी तोक्नुपर्दछ । विद्यालयले कार्यक्रम सञ्चालन गर्दा सम्बन्धित स्थानीय तहसँग समन्वय गर्नुपर्नेछ ।

६. गुणस्तरीय रूपमा कार्यक्रम सम्पन्न गर्ने जिम्मेवारी विद्यालय व्यवस्थापन समिति र प्र.अ.को हुनेछ ।

७. विद्यार्थी केन्द्रित व्यवस्थापन सुधार कार्यक्रम सञ्चालनका लागि विद्यालयले लागत अनुमान तथा Specification (आवश्यकता अनुसार सम्बन्धित स्थानीय तहमा कार्यरत प्राविधिकहरूबाट) तथा अन्य आवश्यक कागजात विद्यालय व्यवस्थापन समितिबाट अनुमोदन गराई प्रधानाध्यापकबाट स्वीकृत गरी अगाडि बढाउनु पर्नेछ ।

८. यस कार्यक्रमको नतिजा सूची र तिनको सत्यापनका आधार तयार गरी त्यसका आधारमा विद्यालय व्यवस्थापन समितिले तोकेको समिति वा व्यक्तिले नियमित रूपमा अनुगमन गरी मासिक प्रतिवेदन तयार गर्नुपर्दछ भने विद्यालय व्यवस्थापन समितिले कम्तिमा दुई महिनामा एकपटक कार्यान्वयनको समीक्षा गरी आवश्यकतानुसार पृष्ठपोषण प्रदान गर्नुपर्दछ।

९. विद्यालयले स्थानीय तहले खटाएको प्रतिनिधि संयोजक र विव्यसको प्रतिनिधि तथा शिक्षक अभिभावक सङ्को प्रतिनिधि सदस्य रहने गरी एक समिति गठन गर्नुपर्नेछ । यस समितिले अनुगमन योजना बनाई नियमित रूपमा पृष्ठपोषण दिने र कार्यसम्पन्न प्रतिवेदन प्रथम पक्ष समक्ष पेस गर्नुपर्नेछ ।

१०. विद्यालयले कार्यक्रम सञ्चालन पूर्वको अवस्था र कार्यक्रम सम्पन्न भए पश्चातको अवस्थाको विश्लेषण गरी कार्यक्रमको प्रभावकारिताको मूल्याङ्कन गरी प्रतिवेदन प्रथम पक्ष समक्ष पेस गर्नुपर्नेछ ।

११. नेपाल सरकार तथा प्रदेश सरकारबाट जारी भएका सार्वजनिक निर्माण तथा खरिद सम्बन्धी प्रचलित ऐन नियम ( संशोधनसहितको सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४) तथा कार्यविधिअनुसार गर्नु गराउनुपर्नेछ।

१२. कार्य सम्पन्न भइसकेपछि सो सम्बन्धी सामग्रीको जिन्सी दाखिला गर्ने, सामग्रीको उपयोग तथा सोको रेखदेख र उचित मर्मत सम्भार गर्ने कार्य स्वतः विद्यालयको नै हुनेछ।

१३. दोस्रो किस्ता माग गर्दा निम्न कागजातहरू पेस गर्नुपर्नेछः-

(क) स्वीकृत खरिद लागत अनुमान, स्पेसिफिकेसन अथवा मूल्य सूचीअनुसारको कार्य सम्पन्न भई शिक्षकहरूको स्टाफ बैठकले विद्यार्थी केन्द्रित व्यवस्थापन सुधार कार्यक्रम निर्माण भएको भनी निर्णय गरेको निर्णय प्रतिलिपि र स्थानीय तहले कार्य सम्पन्न भएकोले भुक्तानीका लागि सिफारिस गरेको पत्र ।

(ख) विद्यालय व्यवस्थापन समितिबाट लागत अनुमान स्पेसिफिकेसन अनुसारको कार्य विवरण खोली सो अनुसार कार्य सम्पन्न भएको भन्ने निर्णय र आवश्यकताअनुसार सम्बन्धित प्राविधिक प्रतिवेदन ।

(ग) बिल भर्पाईको प्रध्यानध्यापकबाट प्रमाणित प्रतिलिपि ।



माननीय कुमारी मोक्तान
सामाजिक विकास मन्त्री

(घ) सञ्चालन भएका क्रियाकलापहरू र खरिद गरी स्थापना गरिएको सामानहरूको फोटाहरू।

(ङ) सामान खरिदको हकमा जिन्सी दाखिला गरेको दाखिला प्रतिवेदन ।

(च) विद्यालयले कार्य सम्पन्न गर्दा गरेको सम्पुर्ण कामको रकमसहितको कार्य सम्पन्न प्रतिवेदन ।

<u>सम्झौता गर्ने व्यक्तिहरू</u>

<u>शिक्षा विकास निर्देशनालयको तर्फबाट:</u>

१. निर्देशकको नाम

हस्ताक्षर ....................................

२. योजना तथा कार्यक्रम शाखा प्रमुखको नाम:

हस्ताक्षर........................................

३. लेखा प्रमुखको नाम:

हस्ताक्षर..........................................

<u>विद्यालयको तर्फबाट:</u>

१ व्यवस्थापन समितिको अध्यक्षको नाम

हस्ताक्षर...............................

२.प्रधानाध्यापको नाम

हस्ताक्षर..........................................

सम्झौता सम्पन्न भएको मिति: । ।

अनुसूची-६

(दफा-११ को खण्ड (४) सँग सम्बन्धित)

**खर्च शीर्षको सीमा/प्रकृति, अनुगमन एवम् मूल्याकनको आधार**

सम्बन्धित विद्यालयले कार्यक्रममा समावेश हुने क्षेत्र वा क्रियाकलापको छनोट गर्दा विद्यार्थीको सिकाइ क्रियाकलापमा परिमार्जन गरी नतिजा सुधारमा केन्द्रित भई विद्यालयको आवश्यकताका आधारमा तपसिलका क्षेत्रसंग सम्बन्धित क्रियाकलाप छनोट गर्नुपर्नेछ

- बाल केन्द्रित सिकाई वातावरण तथा कक्षा व्यवस्थापन
- पाठ्यक्रमले निर्धारण गरेको सिकाइ उपलब्धिलाई समेटी प्रत्येक विषयको शिक्षण सुधार योजना निर्माण गर्ने
- उपचारात्मक शिक्षण आवश्यक पर्ने विद्यार्थीहरूको पहिचान र उपचारात्मक शिक्षण ( विषयगत रुपमा पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धिहरु मध्ये विद्यार्थीले हासिल गर्न नसकेका सिकाइ उपलब्धिको क्षेत्रलाई समेटिनु पर्ने)
- विद्यार्थीहरुको हस्तलेखन सीप विकास हुने कार्यक्रम
- विषयगत शैक्षिक सामग्री व्यवस्थापन

माननीय कुमारी रोकाल
सामाजिक विकास मन्त्री